# ८ धनीवर्ग र प्रतिष्ठित मानिसहरूको बीचमा

<u>*यस अध्यायका मूल पदहरू:*</u> व्यवस्था ८:१७,१८, उत्पत्ति १३:५,६, यूहन्ना ३:१-१५, लूका १९:१-१०, मर्कूस ४:१८,१९, मत्ती १९:१६-२६।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> **“रुपैयाँ पैसाको लोभमा फस्दा धेरै थरिका खराबहरू आउँदछन्। कतिपय मानिसहरू धनी हुन चाहन्छन्। तर पैसाको लोभमा फस्दा परमेश्वरमा विश्वास राख्नुबाट टाढा भएर जान्छ। यथार्थमा भन्ने हो भने त्यसले गर्दा तिनीहरू आफैलाई विभिन्न दुःख तथा अफसोचले घाईते पारिरहेको हुन्छ।" १ तिमोथी ६:१० रूपान्तरित)।**

“कतिपय मानिसहरू आफूसँग नभएको पैसाले खर्च गर्दछन्। तिनीहरूले यस्ता वस्तुहरू किन्छन् जुन् तिनीहरूलाई आवश्यक नै छैन। त्यो स्थितिमा मानिस किन पर्छन् भने आफूले मन नपराएका मानिसहरूलाई प्रभावित पार्न त्यसो गर्छन्।"

उपरोक्त भनाई कतिको सत्य छ भन्ने कुराहरूमा हामीले धेरै तर्कवितर्क गर्न सक्दछौं। तर पैसाले हामीलाई अत्यन्त शक्तिशाली रूपमा प्रभाव पार्दछ र पारिरहेको छ भन्ने कुरामा कसैको दुईमत छैन। मानिसले आफूसँग भएको पैसालाई कसरी चलाउँछ त्यसले उसको मूल्यमान्यतालाई बताउँदछ। साँच्चिकै भनौं भने रुपैयाँ पैसा आध्यात्मिक तत्व हुन्। त्यसैकारण बाइबलले धनसम्पत्ति, रुपैयाँ पैसा आदिको बारेमा धेरै चर्चा गर्दछ।

त्यसलाई अझ जटिल बनाउन धनसम्पत्तिसँग मान, इज्जत र प्रतिष्ठा पनि जोडेको हुन्छ। चलचित्रका नायकहरू, खेलाडीहरू, र राजनैतिक नेताहरूको साथमा दुवै धन र प्रतिष्ठा हुन्छन्। प्रख्यात मानिसहरूले आफ्नो प्रभावलाई प्रयोग गर्दछन्, त्यो पनि एक किसिमको शक्ति नै हो। तर येशू कसैको धनसम्पत्ति, अधिकार, इज्जत, प्रतिष्ठा वा शक्तिले प्रभावित हुनुभएको थिएन। समाजका ती प्रतिष्ठित वर्गहरूमा त्यही तरिका अपनाएर पुग्नु भयो जुन् सर्वसाधारण वा अरू जोसुकैकहाँ

उहाँ पुग्न प्रयास गर्नुहुन्थ्यो। धनसम्पत्ति वा प्रतिष्ठाले किन्न नसकेको तत्व उहाँले तिनीहरूमा पनि होस् भन्ने उहाँको चाहना थियो।

## १. धनसम्पत्ति आफै पनि नराम्रो होइन तर परमेश्वरको आशिषको फल हो । (व्यवस्था ८:१७)

हामी पापी मानिस भएको कारणले हामीमा भन्दा अरूसँगचाहिँ बढि पैसा भयो भने हामी डाह र ईख गर्दछौं। (हामी जतिसुकै धनी भएतापनि त्यसको पर्वाह हामी गर्दैनौं)। तर धनसम्पत्ती वा धनी मानिसको खिलाफमा बाइबलले स्वःत नकारात्मक कुरो गर्दैन। जे छ वा जे छैन त्यस आफैबाट यस जीवनमा समस्याहरू ल्याउँदैन। तर हामीमा भएका कुराहरूलाई कसरी प्रयोग गर्छौं वा त्यससँग कस्तो सरोकार राख्छौं त्यसले गर्दा समस्याहरू खडा हुन्छ।

बाइबलमा धनसम्पत्तिको बारेमा केही सुझावहरू दिएका छन्। इस्राएलीहरूले परमेश्वरको आशिषलाई नभुलोस् भनेर भन्ने त्यहाँ दिएका महत्त्वपूर्ण सुझावलाई तपाईंले कसरी हेर्नुहुन्छ? हेर्नुहोस्ः व्यवस्था ८:१७,१८ “हाम्रा हातको शक्ति र बलले नै यो धन-सम्पत्ति हामीले कमायौं” भनी तिमीहरूले मनमा सोचौला। तर परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ, किनकि उहाँले नै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ। यसरी नै उहाँले तिमीहरूका पुर्खाहरूसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ।", उत्पत्ति १३:५,६ “अब्रामको साथमा लागेका लोतका पनि भेड़ाबाख्रा र गाईबस्तुहरूका बथान र पालहरू थिए।त्यस जमिनले तिनीहरू दुवैलाई सँगै रहेको अवस्थामा धान्न सकेन, किनकि तिनीहरूका भेड़ाबाख्रा र गाईबस्तुको सम्पत्ति यति ठूलो थियो कि तिनीहरू साथसाथै रहन नसक्ने भए।" उत्पत्ति ४१:४१-४३ “अनि फारोले योसेफलाई भने, “हेर, मैले तिमीलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिएको छु।” तब फारोले आफ्नो छाप-औंठी आफ्नो औंलाबाट फुकालेर योसेफको औंलामा लगाइदिए, र तिनलाई मलमलको लुगा पहिराइदिए, र तिनको गलामा सुनको सिक्री लगाइदिए। तिनलाई फारोले आफ्नो दोस्रो प्रशासकझैं रथमा सवारी गराए। मानिसहरू तिनको अगिअगि “घुँड़ा टेकेर झुक” भनी कराउँदै हिँड़े। यसरी फारोले तिनलाई सम्पूर्ण मिश्रदेशमाथि

अधिकार दिए।" अय्यूब १:१-३ “ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। तिनका सात छोरा र तीन छोरी थिए। तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए।" र दानिएल ४:२३-३३ “हे महाराजा, हजूरले एक समाचारवाहक, एक पवित्र जनलाई स्वर्गबाट तल झर्दै र यसो भन्दैगरेको देख्नुभयो, ‘त्यस रूखलाई काटेर नष्ट गरिदे, तर खेतको घाँसमा फलाम र काँसाले बाँधिएको अवस्थामा ठुटोचाहिँ छोड़िदे, जब कि त्यसका जराहरू जमिनमा नै रहन्छन्। आकाशको शीतले त्यो भिजोस्, त्यसको लागि सात काल नबितुञ्जेल त्यो जङ्गली जनावरहरूजस्तै भएर जिओस्।” “हे महाराजा, त्यसको अर्थ यही हो, र सर्वोच्चले मेरा प्रभु महाराजाको विरुद्धमा दिनुभएको हुकुम यही होः हजूर मानिसहरूबाट निकालिनुहुनेछ र जङ्गली पशुहरूसँग बस्नुहुनेछ, गाईबस्तुहरूझैं हजूरले घाँस खानुहुनेछ र आकाशको शीतले हजूर भिज्नुहुनेछ। हजूरको लागि सात काल बित्नेछ, जबसम्म हजूरले यो जान्नुहुन्न कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ। जरासहित ठुटो छोड्नू भन्ने हुकुमको अर्थ यो होः स्वर्गले शासन गर्दछ भन्ने कुरा जब हजूरले स्वीकार गर्नुहुनेछ, तब हजूरको राज्य हजूरलाई फिर्ता गरिनेछ। यसकारण हे महाराजा, मेरो सल्लाह लिन हजूर मन्जूर गर्नुहोस्, धर्म गरेर आफ्ना पापलाई त्यागनुहोस् र अत्याचारमा परेकाहरूलाई दया देखाएर आफ्नो दुष्टतालाई छोड्नुहोस्। हुन सक्छ, त्यसपछि हजूरको ऐश्वर्य कायम रहनेछ। यी सबै कुराहरू राजा नबूकदनेसरमाथि घट्यो। बाह्र महिनापछि जब राजा बेबिलोनको राजदरबारको कौसीमा टहलिँदैथिए, उनले भने, “के यो महान् बेबिलोन होइन, जुन मैले आफ्नो कीर्तिका महिमाको लागि मेरो ठूलो शक्तिद्वारा आफ्नो राजकीय निवासस्थान बनाएको छु?” यी शब्दहरू उनको ओठबाट नसिद्धिँदै स्वर्गबाट एउटा यस्तो वाणी आयो, “नबूकदनेसर राजा, तेरो लागि फैसला गरिएको छः तँबाट तेरो राजकीय अधिकार खोसिएको छ। तँ मानिसहरूबाट धपाइनेछस् र जङ्गली पशुहरूसित बस्नेछस्, तैंले गाईबस्तुले झैं घाँस

**खानेछस्। तेरो लागि सात काल बित्नेछ, जबसम्म तैंले यो स्वीकार गर्दैनस् कि मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" नबूकदनेसरको बारेमा जो कुरो भनिएको थियो, तुरुन्तै पूरा भयो। उनी मानिसहरूबाट धपाइए र उनले गाईबस्तुले झैं घाँस खान थाले। उनको रौं चीलका प्वाँखजस्तै र उनका नङहरू चराका नङ्ग्राहरूजस्तै नहोउञ्जेल उनको शरीर आकाशको शीतले भिज्यो।"**

बाइबलमा धेरै यस्ता पात्रहरू छन् जो अत्यन्त धनी र अध्यात्मिक थिए। अब्राहम, युसुफ, मोर्डेकाई, रानी एस्थर, राजाहरू सोलोमन, हेजकियाह, योशियाह र यहोशाफाट केही नामूद धनी वा सम्पन्न व्यक्तिहरू थिए। तर धनसम्पत्तिलाई भगवान मान्दा कस्तो खतरा उत्पन्न हुन्छ भनेर राजा नेवुक्दनेजारको जीवनमा घटेको घट्नाबाट देखाउँछ। त्यो खतरा राजालाई मात्र होइन जुनसुकैलाई पनि हुनसक्छ। जब पुरानो इस्राएलमा आफूले पाएको सम्पन्नताको श्रेय परमेश्वरलाई दिए तब तिनीहरूले आत्मिक र भौतिक आशिष पाएका थिए। ती आशिषहरू कहाँबाट आए सो इस्राएलका जनहरूले नबिर्सोस् भनेर परमेश्वरले तिनीहरूलाई सतर्क गराउनुभएको थियो। (त्यो पाठ हामी सबैले पनि सिक्नु जरुरी छ)।

धन सम्पत्ति थुपरियो भन्दैमा कुनै मानिस आत्मिक रूपमा कमजोर हुन्छ र अरूलाई हेप्ने खालको हुन्छ भन्ने छैन। बाइबलमा कतिपय धनी मानिसहरू थिए जो परमेश्वरका परमभक्त थिए, र साथै कतिपय धनीहरू पनि दुष्ठ थिए। बाइबलमा हामीलाई दिन खोजेको सन्देश यही हो कि केवल स्वार्थपूर्तिको निम्तिमात्र धनसम्पत्ति थुपार्ने आकाँक्षा हाम्रो हुनुहुन्दैन। जो मानिस धनी छन् तिनीहरूलाई पनि हामीले नराम्रो आँखाले हेर्नुहुन्न। अरू सर्वसाधारण तथा विपन्न वर्गलाई जस्तै तिनीहरूलाई पनि परमेश्वरले दिनुहुने मुक्तिको खाँचो छ।

**धनी वा सामन्ती वर्ग भनाउँदाहरूप्रति तपाईंको दृष्टि कस्तो छ? तिनीहरू देखेर डाहाले पोल्नु सजिलो छ, छैन त? त्यस्ता ईर्ष्यालु भावनाबाट माथि उठेर ती धनीहरू पनि मानिस नै हुन् भनेर कसरी सदाभावना राख्ने? त्यो भावना हामीमा जगाउनु धेरै महत्त्व छ किनभने तिनीहरूलाई पनि येशूले दिनुहुने मुक्तिको आत्मज्ञानको खाँचो छ।**

## २. रातमा भेटघाट (यूहन्ना ३:१-२१)

धनी, सम्पन्न, प्रख्यात तथा उच्च वर्गका मानिसहरूबाट येशू पन्छिनु भएको थिएन। तिनीहरूलाई ग्रहण गर्ने अवसरलाई पनि उहाँले चुकाउनुभएको थिएन। धनसम्पत्ति मान र इज्जतले मात्र मानिसहरूलाई शान्ति, व्यक्तिगत संतुष्टता र अर्थपूर्ण जीवनको महसुस हुन्छ भन्ने छैन भनेर उद्धारकर्तालाई थाहा थियो। गरिब, विपन्न वर्गको, सोझो र सरल येशूभक्त भन्दा धनी सरकारी कर्मचारी र नेताहरू अत्यन्त रिसालु, एक्लो भएको महसुस गर्ने र जीवन रिक्त भएको अनुभव भइरहेको हुन्छ भन्ने कुराको ख्याल कस्ला नहोला?

**एक रात येशूकहाँ धार्मिक समाजको एकदम प्रतिष्ठित निकोदिमस भेट्न आएको थियो। येशूको क्रियाकलाप (यूहन्ना २:१३-२५) देखेर उहाँप्रति त्यस निकोदिमस अत्यन्त प्रभावित भएको थियो र उहाँको सन्देशप्रति उनले चासो राखेको थियो। रातमै किन येशूकहाँ निकोदेमस आएको थियो? येशूसँगको कुराकानीमा निकोदिमसलाई उहाँले कस्तो महत्त्वपूर्ण सन्देश दिनुभएको थियो? हेर्नुहोस् यूहन्ना ३:१-२१ "फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी यहूदीहरूका महासभाका एक सदस्य थिए। यिनी राती येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन।" येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।" निकोदेमसले उहाँलाई सोधे, "यो कसरी हुन सक्दछ?" येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका**

गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ? साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार गर्दैनौ। मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ? स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन। जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ। "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो। जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन। फैसलाचाहिँ यही होः ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्। सत्यद्वारा जिउने मानिस ज्योतिमा आउँछ, र यसरी उसले गरेका कामहरू परमेश्वरमा गरिएका हुन् भन्ने प्रस्टै देखिन्छ।"

येशूको कामद्वारा निकोदेमसले उहाँको शक्ति र आधिकारिकतालाई देखेको थियो। यहूदीहरूको धर्मगुरू र समाजको प्रतिष्ठित व्यक्ति भएकोले अरूले के भन्ला भन्ने डरले येशूसँग गोप्यमा भेट्न इच्छा गरेको थियो। लुकिलुकि आएर येशूलाई भेट्न आउँदा आफू अपमान भएको येशूले ठानेर उनलाई नभेट्न सक्नुहुन्थ्यो। तर कोही पनि नाश नहोस् भन्ने येशूको इच्छा थियो। त्यसकारण अवसर पाउँदा येशूले निकोदिमसलाई परमेश्वरको राज्यमा नजिक ल्याउन मौका छोप्नुभएको थियो। धर्मगुरू भएतापनि निकोदिमस आत्मिक रूपमा कमजोर थियो। संसारको भौतिक सम्पन्नतमा ऊ कमि थिएन। समाजमा उसको इज्जत ठूलो थियो। यद्यपि, आत्मिक रूपमा तिनी

भोकभोकै थियो। यहूदीहरू आफ्नो धर्मप्रति गौरव गर्दथे र कोही पनि धर्मपरिवर्तन गर्न आवश्यक छैन भनेर ठानेका थिए। यहूदी भएको हैशियतले निकोदेमस पनि येशूको आस्थामा आउनुपर्छ भन्ने पक्षमा थिएन। तर जब येशूले निकोदिमससँग कुराकानी गर्नुभयो तब उहाँले न्याय र मुक्ति चुन्न परमेश्वरले दिनुभएको निरन्तर आत्मनिर्णयलाई औंल्याइरहनुभएको थियो। यहूदी अगुवाहरूले उसको हँसी गर्छ भनेर ख्रीष्टको आग्रहलाई उसले तत्काल स्वीकार गरेको थिएन। निकोदेमसले येशूसँग लिएको अन्तरवार्ताको फल केही ननिस्केको देख्छ। तैपनि उसको हृदयमा आत्मिक बिऊ रोपी सकेको थियो। उसको मनको माटोमा बिस्तारै पलाउँदै थियो। (जब येशूको मृत्यु भयो, निकोदिमस निडर भएर पिलातस बडा हाकिमकहाँ उहाँको लास माग्न आएको थियो)।

"बौरि उठेपछि प्रभु स्वर्गमा जानुभएको थियो। चेलाहरूलाई आक्रमण गरेकोले तिनीहरू तितर बितर भएका थिए। निकोदिमस सुरो भएर तिनीहरूको राहत दिन निस्के। चर्चलाई ख्रीष्टको मृत्युमा सखाप पार्ने यहूदीहरूको योजनालाई ठुक्राउन उसले आफ्नो सम्पत्ति प्रयोग गरेको थियो। ख्रीष्ट मर्नुभन्दा आफूलाई अरूले के भन्ला भनेर निकोदिमस डराएको थियो। तर चर्चलाई खतरा परेको बेलामा उनी पत्थर जस्तो दऱ्हो भएर निस्के। येशूका चेलाहरूलाई आस्थामा अडिग रहन उसले हौसला दियो र सुसमाचार प्रचार गर्न सघाउन उसले आफ्नो धनलाई प्रयोग गऱ्यो। उसलाई सम्मान गर्नेहरूले पछि गएर उसको बेइज्जत गरेको थियो र उसको हँस्सी उठाएको थियो। अनि उनी यस संसारको भौतिक कुरामा गरिब हुन पुगेको थियो। तर रातमा येशूसँग भेट्दा रोपिएको विश्वासको बिऊलाई उनले टुहाएको थिएन।"-एलेन जी ह्वाइट, *द डिजाइएर अभ एजेज्,* पृ. १७७बाट रूपान्तरित।

## ३. धनी र दुष्ट (मत्ती ९:१०-१३)

मानिस धनी वा सम्पन्न भयो भन्दैमा उसलाई सबैले आदर गर्नुपर्छ भन्ने छैन न त सम्मान नै गरिन्छ। धेरै मानिसहरू इमान्दारीपूर्वक कडा परिश्रम गरेर र परमेश्वरको आशिष पाएर आयआर्जन गर्दछन् र धनी पनि हुन्छन्। तर कतिपयले धनसम्पत्ति

थुपार्छन् कानूनी रूपमा वैध देखाएतापनि त्यो सम्पत्ति बेइमान तरिकाले कमाएका हुन्छन्। अरू मानिसको मोललाई खतरामा पारेर वा अरूलाई थिचोमिचो गरेर कमाउने पैसा जतिसुकै इमान्दारीपूर्वक कमाएतापनि परमेश्वरको अगाडि के त्यो वैध होला र? संसारले ठिक मानेतापनि के त्यो ठिकै होला र? त्यसबारे जानकारी कसलाई नहोला र?

**कतिपय मानिस तथा धर्मगुरूहरूले येशूलाई खुलेआम आलोचना गरेका थिए। तर त्यस आलोचनालाई प्रतिकार नगरि येशूले आफ्नो अनुग्रहद्वारा कसरी सामना गर्नुभयो? हेर्नुहोस् तुलनात्मक रूपमा देहायका परपच्छेदहरूः मत्ती ९:१०-१३ "येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" अनि तिनी उठे र उहाँको पछि लागे। उहाँ खान बस्नुभएको बेला, धेरै कर उठाउनेहरू र पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे। जब फरिसीहरूले त्यो देखे, तब उहाँका चेलाहरूलाई भने, "किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग खान्छन्?" यो सुनेर उहाँले भन्नुभयो, "निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ। तर गएर यसको अर्थ के हो तिमीहरू सिकः 'म बलिदान होइन, दया चाहन्छु।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ।" , लूका ५:२७-३२ " अनि यी कुरापछि उहाँ बाहिर जानुभयो, र लेवी नाउँ भएका एक जना कर उठाउनेलाई कर-अड्डामा बसिरहेका देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" तब तिनले सबै थोक छोड़े, र उठेर उहाँको पछि लागे। लेवीले आफ्नो घरमा उहाँको निम्ति ठूलो भोजको आयोजन गरे। त्यहाँ कर उठाउनेहरू र अरूहरू ठूलो संख्यामा उहाँहरूसँग भोजमा बसेका थिए। फरिसीहरू र तिनीहरूका शास्त्रीहरू उहाँका चेलाहरूका विरुद्धमा यसो भनेर गनगनाउन लागे, "तिमीहरू कर उठाउनेहरू र पापीहरूसँग किन खानपान गर्दछौ?" तर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीलाई वैद्यको खाँचो पर्दैन, तर रोगीलाई मात्र। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापको निम्ति बोलाउन आएको हुँ।" र लूका १९:१-१० "येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। २ त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। ३ येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे,**

तर पुड्को भएका हुनाले भीड्ले गर्दा तिनले देख्न सकेनन्। ४ तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड्रेर एउटा अञ्जीरको रूखमा चढे। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६ तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। ७ जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" ८ जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९ तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

यरिहो कर उठाउने जकरियाको गाउँ थियो। त्यो ठाउँ नाम चलेको व्यापार केन्द्र थियो। राजा हेरोदको दरवार पनि त्यहीँ थियो। भौगोलिक रूपमा उपयुक्त ठाउँ भएकोले त्यो ठाउँमा कर जम्मा गर्ने केन्द्रिय कार्यालय थियो । करको हाकिम भएको हुनाले वैध तरिकाले धन कमाउन उसलाई कसैको वाधा थिएन। तर उसको स्वार्थीपना र लोभले गर्दा अवैध तरिकाले पनि धनसम्पत्ति थुपारेको रहेछ भनेर त्यस कथाले आभास दिन्छ। इस्राएलका देश भक्तहरूले कर लिने मानिसहरूलाई अत्यन्त घृणा गर्दथे किनभने तिनीहरू पाश्चात्य विदेशी शक्ति रोमी सरकारका कर्मचारीहरू थिए। अन झन त ती देशभक्तहरूले बेइमान तरिकाले धन कमाएर धनी बन्न पुगेका जखरिया जस्तो करका कर्मचारीहरूलाई अत्यन्त घृणा गर्दथे। राजा हेरोद अन्तिपासको मातहतमा मत्ती लेवीले झन्दै त्यही पद सम्हालेका थियो। रोमी सरकारका कर्मचारी भएको हुनाले कर लिने मानिसहरू देशद्रोही भनेर हेर्दथे। झन बेइमानी तरिकाले कर असुलेर धनी हुनेहरूलाई त राष्ट्रघाती भ्रस्ताचारी चोर भन्थे।

तर भ्रष्ट चरित्र भएतापनि ख्रीष्टप्रति सदभावना देखाउनेलाई ख्रीष्टले पन्छाउनुभएन। त्यसबेलाको सामाजिक चालचलनलाई चुनौती दिँदै येशूले करका कर्मचारीहरूको साथमा रमाइलो मानिस भोजमा

संलघ्न हुनुभएको थियो। सर्वसाधारण मानिसहरू र यहूदी धर्मका पण्डित पुजारीहरूले उहाँको ठूलो आलोचना गरेका थिए। येशूको सदाशयताले गर्दा ती करका कतिपय कर्मचारीहरू पनि सुसमाचार ग्रहण गरेका थिए। अझ तिनीहरूमा मत्ती त येशूका बाऱ्ह चेलाहरूमध्ये एक पनि हुन पुगे। त्यत्ति मात्र नभएर येशूको जीवन कहानी लेख्ने एक जना उल्लेखनीय लेखक पनि भए जुन नयाँ करारको प्रथम पुस्तकको लेखक हुन गएको थियो।

त्यस परिवेशमा मानिसहरूको आत्मिक मूल्याङ्कन गर्न हामी धेरै होशियार हुनुपर्दछ। सबै पापहरू एकनासको हुँदैन तैपनि कतिपय पापहरू सामाजिक रूपमा अमान्य हुन सक्दछन्। तर परमेश्वरको अगाडि सबै खालका पापहरू पाप नै हुन् र हामी सबैलाई ख्रीष्टको शुद्ध चरित्र वा पवित्र जीवन यापन गर्ने शक्ति वा वरदानको आवश्यक छ।

**तपाईंको समाज वा संस्कारमा यस्ता कोही मानिसहरू छन् जसलाई हेयको दृष्टिले हेर्दछन्? तिनीहरूलाई येशूको निम्ति गवाही दिने अवसर पाउनुभयो भने तपाईंले के गर्ने? के तपाईं तिनीहरूलाई येशूको सन्देश सुनाउन चाहनु पनि हुन्छ त? त्यसबारे तपाईं के भन्नुहुन्छ?**

## ४. नक्कली सुनले पोतेको आध्यात्मिक प्रवचनहरू (मर्कूस ४:१८,१९)

**देहायका पदहरूले हामीलाई कस्तो खालको सरसल्लाह दिँदछन्? ती पदहरूमा के आध्यात्मिक चेतावनी हामीले पाउँछौं? धनी मानिसहरूको बीचमा पनि येशूको सुससमाचार सुनाएर येशूभक्त बनाउन सक्षम् हुन सक्छौं भनेर ती पदहरूले कसरी देखाउँदछन्? हेर्नुहोस्ः मर्कूस ४:१८,१९ "काँढ़ाहरूका बीचमा छरिएका ती नै हुन्, जसले वचन सुन्छन्, १९ तर यस संसारको फिक्री र धनको मोह र अरू थोकको लालच आएर वचनलाई निसासिदिन्छन्। ती फलवन्त हुँदैनन्।", लूका १:५१-५३ "उहाँले आफ्नो बाहुलीको सामर्थ्य प्रकट गर्नुभएको छ। उहाँले मनभित्रको कल्पनामा घमण्ड गर्नेहरूलाई छरपष्ट पार्नुभएको छ। ५२ उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ। ५३ भोकाएकाहरूलाई उहाँले असल चीजहरूले तृप्त पार्नुभएको छ, र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ।", लूका ६:२२-२५ "धन्य तिमीहरू, जब मानिसहरूले**

तिमीहरूलाई मानिसको पुत्रको खातिर घृणा गर्नेछन्, र बहिष्कार गर्नेछन्, र गिल्ला गर्नेछन्, र दुष्ट ठानी तिमीहरूका नाउँलाई अपमान गर्नेछन्। २३ "त्यस दिन रमाओ, र खुशीले उफ्र, किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनकि तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई त्यसै गरेथे। २४ "तर धिक्कार, तिमी धनीहरू! किनभने तिमीहरूले आफ्नो सुख-चैन पाइसकेका छौ। २५ धिक्कार, तिमी अहिले तृप्त भएकाहरू! किनभने तिमीहरू भोकाउनेछौ। धिक्कार, तिमी अहिले हाँस्नेहरू! किनभने तिमीहरू शोक गर्नेछौ र रुनेछौ।", लूका १२:१५-२१ "उहाँले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन।" १६ उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, "कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। १७ त्यसले मनमनै गुन्न लाग्यो, 'मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?' १८ तब त्यसले भन्यो, 'म यसो गर्नेछु– आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीं राख्नेछु।१९ अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"।' २० "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?' २१ "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।" र लूका १६:१३,१४ "कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन, किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ, अथवा त्यो एउटाको भक्त भएर अर्कालाई तुच्छ ठान्छ। तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।" धनका लोभी फरिसीहरूले यी सबै कुरा सुनेर उहाँको उपहास गरे।"

कतिपय मानिसहरूले भन्छन् हाम्रा सम्पत्ति केवल क्षणिक मात्र हो त्यसलाई हामी सधैं पकडी राख्न सक्दैनौं। तर समस्या त यो हो, हाम्रा सम्पत्तिहरूले हामीलाई पकडि राख्दछ। धनसम्पत्तिले ल्याउने छलकपट वा धोकावाजीबाट होशियार हुनु भनेर येशूले चेतावनी दिनुभएको थियो (मत्ती १३:२२)। अर्को अर्थमा भन्ने हो भने

धनसम्पत्तिले हामीलाई नियन्त्रण गर्न असाध्य सजिलो छ। पैसाको मोहमा पर्दा हामीहरूको आत्मिक नैतिकता र मूल्यहरूलाई सजिलैसँग मोडाइ वा वँग्याइ दिन्छ। धनसम्पत्तिले गर्दा मानिसहरूलाई परिवर्तन गर्नेहरूको माझमा हामी जान्दा त्यस सत्यतालाई हामीले आत्मसात् गर्नु अत्यन्त जरूरी छ। फेरि त्यसैवखत रुपैयाँपैसाको बारेमा यथार्थता जान्न हामी सबैलाई आवश्यक छ। कतिपय मानिसहरू त अझ यस्तो कुरामा त्रसित हुन्छ कि न्यायको दिनमा परमेश्वरले सोध्नुहुन्छ रे "तिमीले कति सम्पत्ति थुपार्‍यौ?"

हामीहरूको मूल्यमान्यता तथा मनशायहरूलाई ख्रीष्टले परिवर्तन गरिदिनुहुन्छ। हामीहरूमा हुने धनसम्पत्ति आदिलाई बाइबलले मनाही गरेको छैन। तर तिनीहरूलाई संतुलनमा राख्नुपर्दछ। हामीसँग जे छ ती कुराहरू मानिसहरूको भलाई वा सहायताको निम्ति परमेश्वरले दिनुभएको औजार हुन्। स्वार्थपूर्तीको निम्ति थुपार्नुभन्दा अरूलाई बाँड्दा हामीमा भएका सम्पत्ति आशिषमय हुनसक्छ। जब स्वार्थको निम्ति धनसम्पत्ति थुपार्छ तब त्यो आशिष नभएर अभिशाप हुनसक्छ।

चाहे धनी होस् चाहे गरिब होस्, स्वार्थमा चुर्लुम्म डुव्नेहरू अनन्त जीवन वा स्वर्गको अनुभूति पाउन बंचित हुनसक्छ किनभने तिनीहरू क्षणिक मजाको निम्ति जिउँछन्। अर्थात् पुरानो हुने वा नाश हुने वा मूल्यविहिन थोकहरूलाई हातमा पार्न अनन्त जीवनको संतुष्टलाई त्यागी दिने कतिपय मानिसहरूको निति छ। मानिस कि त परमेश्वरको पछि लाग्छन् कि त परमेश्वरको। दुवैको सेवा गर्न सक्दैन। चाहे धनी होस् चाहे गरिब होस् सबैले यो दिव्य वचन मनमा राख्नु जरुरी छ "आफ्नो आत्मालाई गुमाएर सारा संसार हातमा पार्‍यो भने उसलाई के फाइदा भयो त?" (मर्कूस ८:३६ रूपान्तरित)।

**सुसमाचार प्रचार गर्न अभिभारा बोकेका सबै विश्वासीहरूले त्यस चेतावनीलाई सम्झनु आवश्यक छ। यदि हामी पनि धनसम्पत्तिको लोभमा फस्ने बानी भएर धनी तथा सम्पन्न मानिसहरूकहाँ गएर तिनीहरूको धनले तिनीहरूलाई आत्मिक खतारामा पार्छ भनेर तिनीहरूलाई हामीले कसरी सुनाउने?**

## ५ धनलाई सर्वोच्च मान्नुको खतरा (मत्ती १९:१६-२६)

येशूकहाँ एक दिन अत्यन्त धनी, सम्पन्न र शासक युवक आएको थियो। येशू र उसँगको बातचित पढ्नुहोस्। त्यसमा धनले गर्दा कस्तो आत्मिक खतरामा मानिसहरूलाई पार्दो रहेछ सो बुझ्नुहोस्। आजका धनी युवा वर्गहरूलाई विश्वासीहरूले कसरी सघाउन सक्छन्? हेर्नुहोस् मत्ती १९:१६-२६ "उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" १८ तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?" येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" २० ती जवान मानिसले उहाँलाई भने, "यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?" २१ येशूले तिनलाई भन्नुभयो, "तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।" २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो। २३ अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, स्वर्गको राज्यमा धनी मानिसलाई प्रवेश गर्नु गाह्रो पर्नेछ।२४ फेरि म तिमीहरूलाई भन्दछु, धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो हुनेछ।" २५ यो सुनेर चेलाहरूले अति आश्चर्य मानी सोधे, "तब कसले उद्धार पाउन सक्छ?" २६ येशूले तिनीहरूमाथि दृष्टि लगाई भन्नुभयो, "मानिसहरूका लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ।"

त्यस धनी युवा हाकिमसँग सबै कुराले भरिपूर थियो। उसमा धनसम्पत्ति, प्रतिष्ठा, मानमर्यादा र आफूसँग अपार रूपमा आत्मसन्तुष्टि थियो। येशूका त्यस युवा विश्वासीले येशूसँग मुक्तिको योजनाको बारेमा सोध्नुभएको थियो। के प्रतिष्ठित मानिस येशूकहाँ आयो भन्दैमा उहाँकहाँ आयो भन्दैमा के उहाँ दङ्ग पर्नुभएको थियो कि? के येशूले यो सोच्नुभयो

कि अ त माथिल्लो वर्गका मानिसहरू पनि मेरो सन्देश सुन्न चाहँदो रहेछ? हामीले सोचौंला, तर येशूले त्यस्तो कहिल्यै पनि सोच्नुभएको थिएन। के त्यस धनी शासकले ख्रीष्टबाट स्यावासी पाउन खोजेको हो कि? यदि येशूबाट सम्मान पाउन उसले चाहेको छ भने उसले गलत सम्झेको ठान्नुपर्दछ। येशूबाट उसले नैराश्यता पाएको थियो। आज्ञा पालन गर्ने नितिको जग दश आज्ञा नै भएको येशूले अनुमोदन गर्नुभएको थियो। त्यो नितिमा आफू चलेको छु भनेर त्यस मानिसले आफूले आफैलाई श्यावासी पनि दिएको हुनुपर्दछ। आफ्नै नापले आफूलाई नाप्दा येशूले सोध्नुभएको जाँचमा आफू पास भयो भनेर खुशी भएको थियो। तर धर्मकर्म गरेर मुक्ति पाइन्छ भनेर अरू धर्म गुरूहरूले सिकाएको भन्दा येशूको निति एक दम फरक थियो। धर्मी हुन पण्डितहरूको मागभन्दा माथि उठ्नुपर्छ भन्ने ख्रीष्टको माग थियो। तर त्यसो भयो भन्दैमा मुक्तिको निम्ति भोको हुने त्यस युवालाई खुशी पार्न दश आज्ञामा दिएको नितिलाई तल झार्ने काम येशूले गर्नुभएको थिएन। तर धर्मकर्म आदि गरेर वा दश आज्ञालाई पालन मुक्ति पाइन्छ भने षडयन्त्रकारी यहूदाले पनि त मुक्ति पाउन सक्थ्यो होला। दश आज्ञालाई तल झार्दा कतिपय मानिसहरू खुशी हुन्थे होला! अनि येशूको नाउँमा दश आज्ञाहरूको नितिलाई नमान्दा कतिपय धनी मानिसहरू येशूका चेला भनाउँदाहरूले सहयोग पाइन्थ्यो होला!

मानिसहरू आफूखुशी जुनसुकै नितिमा चलेतापनि तिनीहरूमा हुने आत्मिक कमजोरीलाई नजरबाट लुकाउन सकिन्न न त त्यो त्यत्तिको महत्त्व छैन भनेर पन्छाउन सकिन्छ। येशूको लक्ष्य महत्त्वपूर्ण थियो र पवित्र थियो। कुनै पनि कमजोरीलाई हामीले ठिकै छ भनेर भन्न सक्दैनौं। प्रत्येक स्वार्थी आकाँक्षाहरूलाई त्यागनुपर्दछ। त्यसकारण स्वर्गको राज्यको अनुभूति पाउन येशूले त्यस युवा शासकलाई तिनवटा कदमहरूमा हिंड्न प्रस्ताव गर्नुभयोः तिमीसँग जे छ सो बेच। गरिबहरूलाई बाँड। मेरो पछि लाग।

धनसम्पत्तिको मोहमा फस्दा आत्मिक रूपमा खतराको पासोमा पर्नु हो। येशूको चेला हुन पाउने त्यस युवकले धेरै धनिसम्पति थुपारेको थियो। हुनसक्छ उसको महल अत्यन्त भव्य थियो होला, उसको बगैंचा अत्यन्त ठूलो र रमणीय थियो होला, उसँग ठूलो

खेतबारी थियो होला, उसँग अत्यन्त महङ्गो महङ्गो लुगा फाटाहरू होला, उसँग हिराज्वहारतहरू थिए होला, उसका धेरै नोकरचाकर, पशुहरू एकदम छिटो दगुर्ने घोडा वग्गी पनि होला। जब येशूले ती सबैलाई छोड भन्दा ती सबै कुराहरूले उसको मनमा भागदगुर गरेको थियो होला। परमेश्वरले निर्धारण गर्नुभएको स्तर तल झार्न सकिन्दैन थियो। ख्रीष्टमा आउन न त कुनै मोलतोल नै गर्न सकिन्छ न त कुनै कुरामा सम्झौता। उहाँ चाहनुहुन्छ हामीसँग जे छ त्यो सबै येशूको हुनुपर्दछ। स्वर्गको खजानाको निम्ति संसारको महानतालाई त्याग्नै पर्दछ।

"आफ्नो चासोलाई येशूको चासोसँग मिलाउन कतिपय मानिसहरू ख्रीष्टकहाँ आउँछन्। त्यस धनी युवा शासकले जस्तो भित्री हृदयदेखि स्वर्ग वा अनन्त जीवनको चाहना गर्दछन्। यदि त्यसको मोल तिनीहरूलाई नै निर्धारण गर्न दिएको भए के हुन्थ्यो होला? तर तिनीहरूलाई घर, जग्गा, घरपरिवार र आफ्नो जीवनसमेत त्याग्न येशूले आह्वान गर्नुहुन्छ। तर जसरी त्यस युवक दिक्क भएर येशूबाट फर्केर गए कतिपय त्यस्ता मानिसहरू येशूप्रति दुःख मनाउँदै फर्किएको पाइन्छ। तिनीहरू स्वर्गको सम्पत्ति त चाहन्छन् र परमेश्वरको जीवनसँग आफू दाँज्न पनि चाहन्छन तर तिनीहरू यस संसारका सम्पत्तिहरू त्याग्न तयार छैनन्। जीवनको मुकूट पाउन आफ्नो जीवन परमेश्वरमा अर्पण गर्न तिनीहरू चाहन्दैनन्।"-एलेन जी ह्वाइट, *द आडभेन्ट रिभ्यु आन्ड शाब्बथ हेराल्ड,* अप्रिल १९, १९८८बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः यस अध्यायमा उल्लेखित विषय वस्तुको टिप्पणी एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढ्नुहोस्,** ***द डिजाएर अभ एजेजको*** **पृ. १६७-१७७को "निकोडिमस", पृ. २७२-२८०को "लिभाइ-माथ्यु", पृ. ५१८-५२३को "वन थिङ्ग दाउ लाकेस्ट।" र पृ. ५५२-५५६को "जकियस" र मिनिस्त्री हिलिङ्ग पृ. २०९-२१६को "मिनिस्त्री टु द रिच।"**

"वेवास्ता गरेका गरिबहरूप्रति हाम्रो कर्तव्य के हो भनेर धेरै कुराहरू लेखिएका छन्। तर त्यही सोच के वेवास्ता गरिएका धनीवर्गहरूलाई पनि जानु हुँदैन र? धेरै मानिसहरूले धनी वर्गहरूलाई

सुसमाचार प्रचार गर्नु वेकारको छ भनेर सोच्दछन्। ती मानिसहरूले ती धनी वर्गको आँखा खोल्न कम्ति प्रयास गर्दछन्। ती धनी वर्ग आफ्नो स्वार्थीको कारण अनन्त जीवन त गुमाउँछन् नै। हजारौं धनी तथा सम्पन्न मानिसहरू परमेश्वरको बारेमा सुन्नै नपाइ चिहानमा गएका छन्। तिनीहरूलाई हेर्दा परमेश्वरको बारेमा वास्ता नगर्ने खालका त होलान्। तर ती धेरै मानिसहरूमा आत्मिक भोको भइरहेको हुन्छ। "पैसाको मोहमा फस्नेहरूको निम्ति पैसा कहिल्यै पनि पुग्दैन। धनसम्पत्ति थुपार्न चाहनेको निम्ति जति भएपनि पुग्दैन।"(उपदेशक ५:१०)। जसले असली सुनलाई भन्दछ "तिमीले गर्दा म सुरक्षित भएको अनुभव गरेको छु।" (अय्यूब ३१:२४) "त्यसले माथि रहनुभएको परमेश्वरलाई त्यागेको हुन्छ।" (अय्यूब ३१:२८)। "कसैको निम्ति जीवन दिएर अनन्त जीवन पाउन सक्दैन। अनन्त जीवनको निम्ति जुन मोल परमेश्वरले चुकाउनु भयो त्यो कसैले पनि दिन सक्दैन। जीवनको निम्ति मोल धेरै उच्च छ। जति तिरे पनि पर्याप्त हुँदैन। जतिसुकै धनसम्पत्ति दिएतापनि कोही पनि अनन्त जीवन पाउन सक्दैन।" (भजन ४९:७-९)।

"धन सम्पत्ति र संसारले दिने मान मर्यादा तथा प्रतिष्ठाले मानिसलाई सन्तुष्ट दिन सक्दैन। कतिपय ती धनी तथा सम्पन्न भएका मानिसहरूले परमेश्वरको अनन्त जीवनको प्रतिज्ञाको चाहना गर्दछन्। तिनीहरूले केही आत्मज्ञानको आशा पाउन कामना गर्दछन्। तिनीहरूमा सबै थोक छ तर तिनीहरूको यथार्थ जीवन रित्त भएको महसुस गर्दछन्। आफ्ना नियास्रो, बेकारको जीवन भएको आभास्, असन्तुष्टी र निरासी जीवनको अन्त छिटो होस् भनेर तिनीहरू कामना गर्दछन्। कतिपय अगुवा तथा नेताहरूलाई केही न केहीको अभाव भइरहेको महसुस गर्दछन् र आफूसँग नभएको कुराको चाहना गर्दछन्। चर्चमा गएर के पाइन्छ भन्ने भावनाले तिनीहरू लटपटिएको हुँदा धेरैजसो त्यस्ता मानिसहरू चर्च जाँदैनन्। तिनीहरूले सुनेका प्रवचनहरूले तिनीहरूको हृदयलाई छुँदैनन्। तर तिनीहरूलाई पनि प्रभु येशूकहाँ ल्याउन के हामीले व्यक्तिगत प्रयास नगर्ने?"-एलेन जी ह्वाइट, द मिनिस्त्री हिलिङ्ग, पृ. २१०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सुरूमा इसाई अभियानलाई द्रुतगतिमा अघि बढाउन सम्पन्त विश्वासीहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए। हुनसक्छ अपवादको रूपमा कुनै कुनैले केही गरेनन् होला तर धेरै धनी तथा सम्पन्न विश्वासीहरू चर्चलाई आर्थिक सहयोग गरेर आफ्नो त्याग देखाएका थिए। त्यसको अर्थ परमेश्वरको राज्यमा सबै सामाजिक वर्गका मानिसहरूमा उदार र इमान्दारी दिल भएका मानिसहरू पाउँदछन्। धनी वर्गदेखि इसाईहरू डराउनु हुँदैन, न त प्रभावित भएर आफू तिनीहरूभन्दा कमसल भएको ठान्नु हुन्न। बरू त्यस्ता मानिसहरूलाई निडर भएर सुसमाचार प्रचार गर्नुपर्दछ ताकि ती धनी तथा सामन्ती वर्गहरू पनि परमेश्वरको राज्यमा आउन सकुन्। प्रचारप्रसार गर्ने दौरानमा हामीले येशूनितिलाई कहिल्यै पनि त्याग्नुहुन्न भन्ने कुरामा हामी सचेत त छौं नि, तर तपाईंको चर्चले के यस्ता कार्यक्रमहरू गर्न सक्दछन् जसले गर्दा धनीवर्गहरू तपाईंको चर्चमा सङ्गति गर्न सजिलो भएको महसुस होस्? धनी वर्गहरूलाई पनि येशूभक्त बनाउन तपाईंको चर्चले के प्रचारप्रसारको कार्यक्रम तर्जुमा गरेको छ? तपाईंको चर्चले के गर्न सक्छ जसले गर्दा ती पन्छिएका धनी वर्गको दैलोमा तपाईं पुग्न सक्नुहुन्छ?

आ. एलेन जी ह्वाइटले व्यक्ति गरेका माथिका उदगारमा भएका बाइबलको पदहरूलाई पढ्नुहोस्। ती पदहरूले हामीलाई के महत्त्वपूर्ण सन्देश दिँदछन्? धन सम्पत्तिले तिनीहरूलाई खुशी पार्दछन् भन्ने गलत धारणालाई तिनीहरूले बुझोस् भनेर ती धनीवर्गहरूलाई कसरी बुझाउने?